**कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १२ गते**

प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले सङ्क्रमण रोक्न अन्य सात प्रदेशका सभामुखहरुसँग वैशाख १२ गते भिडीयो कन्फरेन्स गर्नुभएको छ । परीक्षण, रोकथाम र उपचारका बारेमा बागमती प्रदेशमा भईरहेका गतिविधिहरूको बारेमा समेत सभामुख श्रेष्ठले अन्य प्रदेशका सभामुखहरूलाई जानकारी दिनुभएको थियो ।

यस प्रदेशमा हालसम्म र्‍यापीड टेष्ट (आरडिटी) विधिबाट ७ हजार १ सय ४३ जनामा कोरोना सङ्क्रमणको परीक्षण गरिएको छ । प्रदेशका १३ ओटै जिल्लामा र्‍यापीड टेस्ट गर्दा १४ जनामा पोजेटिभ देखिएको बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका डाक्टर पुरुषोत्तम सेढाईले जानकारी दिनुभयो ।

वैशाख १० गतेसम्म काठमाडौँ २ हजार २ सय २५ जना, भक्तपुरमा ३ सय ४६ जना, ललितपुरमा ४ सय ५६ जना, रसुवामा ५५ जना, नुवाकोटमा ४ सय ८४ जना, धादिङमा ५ सय ३८ जना, चितवनमा ७ सय १७ जनाको आरडीटी विधिबाट टेष्ट गरिएको छ । त्यस्तै सिंधुलीमा ४ सय ५९, रामेछापमा १ सय ५५, दोलखामा ३ सय ३३, काभ्रेमा ४ सय ७९, सिन्धुपाल्चोकमा ४ सय १४ जनामा टेष्ट गरिएको छ ।

यस प्रदेशको प्रवेशद्वार चुरियामाईमा वैशाख १२ गते ओटोमेटिक सेनिटाइजर स्प्रे जडान भएको छ । भारत र प्रदेश २ बाट प्रदेश प्रवेश गर्ने सवारी साधनमा अटोमेटिक सेनिटाइजर स्प्रे हुने व्यवस्था गरिएको हेटौँडा उपमहानगरपालिकाले जनाएको छ ।

धादिङका एम्बुलेन्सहरूलाई चालक सिट सुरक्षित बनाउन थालिएको छ । चालकहरूले आफ्नै पहलमा एम्बुलेन्सहरूको सुरक्षा बार लगाउन सुरू गरेका छन् । विश्वभर कोरोना भाइरस (कोभिड १९) को त्रास बढेसँगै धादिङका ३० ओटा एम्बुलेन्स चालकहरूले आफ्नै लगानीमा सुरक्षाबार लगाउने कार्य सुरु गरेका हुन् ।

कोरोना भाइरस (कोभिड १९)को उपचारपछि निको भएर घर आएका युवालाई धादिङबेसीमा भव्य स्वागत गरिएको छ । कोरोनाको उपचारपछि धादिङबेसी आइपुगेपछि जिल्ला अस्पताल धादिङमा फूल माला र खादा लगाएर स्वागत गरिएको हो ।

काठमाडौँ स्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालबाट वैशाख ११ गते डिस्चार्ज गरिएका धादिङको नेत्रावती डबजोङ गाउँपालिक-२ का ३२ वर्षीय पुरुषलाई गृहजिल्लामा स्वागत गरिएको धादिङ अस्पतालका अध्यक्ष महेन्द्र धमलाले बताउनु भयो । धादिङबेसी आइपुगेपछि उहाँलाई सुरक्षित स्थानमा कम्तिमा एक हप्ताको लागि राखिएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारीका अनुसार** धादिङका एम्बुलेन्सहरूलाई सुरक्षित बनाउन थालिएको छ । चालकहरूले आफ्नै पहलमा एम्बुलेन्सहरूको सुरक्षा बार लगाउन सुरु गरेका छन् । विश्वभर कोरोना भाइरस (कोभिड १९) को त्रास बढेसँगै धादिङका ३० ओटा एम्बुलेन्स चालकहरूको लगानीमा सुरक्षाबार लगाउने कार्य सुरु गरेका हुन् ।

बार लगाउन बाँकी एम्बुलेन्सहरूको काम जारी रहेको संयुक्त एम्बुलेन्स चालक समाज नेपाल धादिङका अध्यक्ष भेषराज ठकुरीले बताउनु भयो । एम्बुलेन्स चालक, उद्धारकर्मी र बिरामीबीच प्रत्यक्ष सम्पर्क नहोस् भनी सुरक्षा बार लगाइएको हो । वर्तमान अवस्थामा विभिन्न रोगका विरामीहरूलाई ओसारपसार गर्दा एम्बुलेन्स चालक र उद्धारकर्मीहरूलाई बढी जोखिम हुने भएको हुनाले आफ्नै पहल कदमीमा उक्त कार्य सुरुवात गरिएको अध्यक्ष ठकुरीले बताउनु भयो ।

हाल धादिङ जिल्ला भित्र स्वास्थ्य कार्यालय धादिङबाट सिफारिस लिई ६८ ओटा एम्बुलेन्सले सेवा चालु रहेका छन् ।

कोरोना भाइरस (कोभिड १९)को उपचारपछि निको भएर घर आएका युवालाई धादिङबेसीमा भव्य स्वागत गरिएको छ । कोरोनाको उपचारपछि धादिङबेसी आइपुगेपछि जिल्ला अस्पताल धादिङमा फुल माला र खादा लगाएर स्वागत गरिएको हो ।

सुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालबाट वैशाख ११ गते डिस्चार्ज गरिएका धादिङको नेत्रावती डबजोङ गाउँपालिका वडा नम्बर २ का ३२ वर्षीय पुरुषलाई गृह जिल्लामा स्वागत गरिएको हो धादिङ अस्पताल धादिङका अध्यक्ष महेन्द्र धमलाले बताउनु भयो । धादिङबेसी आइपुगेपछि उहाँलाई सुरक्षित स्थानमा

राखिएको छ । युएइबाट चैत ६ गते नेपाल आउनुभएका उहाँमा चैत १० गते कोरोनाको लक्षण देखिएपछि सुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको आइसोलेशनमा भर्ना गरिएको थियो ।
प्रभु बैंक लिमिटेड महादेबेशी शाखाले थाक्रे गाउँपालिकालाइ राहत सामग्री हस्तान्तरण गरेको छ ।
कोरोना भाईरसको सङ्क्रमण तथा त्यसबाट बच्न नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण दैनिक रुपमा ज्याला मजदुरी गरि समस्यामा रहेका नागरिकहरूलाई छाक टार्न सहयोग पुगोस् भन्ने उदेश्यले सँस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत राहत सामग्री हस्तान्तरण गरिएको हो ।
गाउँपालिकालाई प्रभु बैंक लिमिटेड महादेबेशी शाखाले चामले २५ बोरा, दाल ३ बोरा, तेल ४  बाक्सा, आयोडिन नुन १ सय किलो र साबुन १ सय पिस  हस्तान्तरण गरिएको जनाएको छ ।
गंगाजमुना गाउँपालिकामा दोस्रो चरण अर्न्तगत २० जनाको र्‍यापीड डाइग्नोस्टिक टेष्ट(आरडीटी) किटबाट कोरोना भाइरसको परीक्षण गरिएको छ ।
गाउँपालिकाले ५ ओटै स्वास्थ्य चौकीमा आरडीटी विधि मार्फत् २० जनाको कोरोना भाइरसको परीक्षण गरिएको र सबैको रिपोट नेगेटिभ आएको गंगाजमुना गाउँपालिकाका स्वास्थ्य संयोजक दिपक अधिकारीले बताउनुभएको छ । सरकारले क्वारेण्टाइनमा बसेकाको आरडीटी विधि मार्फत् कोरोना परीक्षण गर्ने नीति अनुसार पहिलो चरणमा गाउँपालिका भित्र भारतलगायत तेश्रो मुलुकबाट फर्किएर होम क्वारेण्टाइनमा बसेका १९ जनाको परीक्षण गरिएको र नतिजा सबै नेगेटिभ आएको थियो ।
अहिलेसम्म गाउँपालिकाले ३० जना विदेशबाट आएका र देशका विभिन्न स्थानबाट फर्किएका नौ जना गरी जम्मा ३९ जनाको र्‍यापीड टेष्ट किट (आरडिटी) माध्यमबाट परीक्षण गरीएको र सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य संयोजक अधिकारीले बताउनुभयो ।
धादिङ इसाई समाज र पुनरुत्थान चर्च गजुरी समूहले गजुरी गाउँपालिकाले संचालनमा ल्याएको फुड बैंकमा खाद्यान्न सामग्री सहयोग गरेको छ ।
फूड बैकमा ५६ हजार मुल्य बराबरको खाद्यान्नसहयोग गरेको धादिङ इसाई समाजका उपाध्यक्ष मोहन रानाले जानकारी दिनुभयो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार चौतारा अस्पतालमा कोरोना भाइरस भए/नभएको जाँच गर्नको लागी स्वाब सङ्कलन बुथ स्थापना भएको छ । स्वाब सङ्कलन बुथ स्थापना भएपछि स्वास्थ्यकर्मीहरूले सुरक्षित महसुस गरेका छन् ।
पीपीई सेटलगायत अन्य सुरक्षा अपनाई स्वाब सङ्कलन गर्दै आएका स्वास्थ्यकर्मीहरूलाई बुथ स्थापना भएपछि पूर्णरुपले सुरक्षित भएको जिल्ला स्वास्थ्य प्रमुख दुर्गादत्र चापागाईंले बताउनु भयो । नेपाल इन्जिनिय एशोसियसन बागमती प्रदेश र सिन्धु इन्जिनियरर्स समाजले जिल्ला विपद वयवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाललाई स्वाब सङ्कलन बुथ हस्तान्तरण गरेको हो । हस्तान्तरण गरिएका स्वास्थ्य सामग्रीहरूमा स्वाब सङ्कलन बुथ, तीन सेट पीपीई सेट, माक्स, थर्मलगनलगायत रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष इश्वरीप्रसाद श्रेष्ठले बताउनु भयो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार लकडाउनको एक महिनाको अवधिमा दोलखामा करिव ९० ओटा सवारी साधान मार्फत खाद्यान्न ल्याइएको छ । दोलखा उद्योग वाणिज्य सङ्घका अनुसार लकडाउन भएको एक महिनाको अवधिमा ९० ओटा सवारी साधनलाई पासको व्यवस्था गरि दोलखामा खाद्यान्न ल्याईएको हो । दैनिक उपभोग्य वस्तु अर्न्तगत खाद्यान्नका सामग्री, ग्यास, औषधि, बीउ, फलफूल, मल, कुखुराको चल्लालगायत ढुवानीका लागी पास उपलब्ध गराइएको दोलखा उद्योग वाणिज्य सङ्घका अध्यक्ष इन्द्र श्रेष्ठले जानकारी दिनुभयो । हाल दोलखा जिल्लामा करिव दुई महिनालाई पुग्ने खाद्यान्न मौज्दात रहेको अध्यक्ष श्रेष्ठले बताउनु भयो ।
दोलखाको जिरी उद्योग वाणीज्य सङ्घले समेत जिरी नगरपालिकासँग समन्वय गरेर सवारी पास उपलब्ध गराउँदै आएको थियो । सङ्घका अध्यक्ष गेल्बु शेर्पाले जिरी नगरपालिकामा दुई महिनालाई पुग्ने खाद्यान्न मौज्दात रहेको जानकारी दिए । खाद्यान्न ढुवानी गर्ने कार्य भने निरन्तर भइरहेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा ०७७ वैशाख ११ गतेसाँझसम्म १ सय ६१ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । र्‍यापीड टेष्ट आरडीटी प्रविधिबाट कोभिड १९ को परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल रामेछापका प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो ।

कर्णका अनुसार हालसम्म जिल्लाको मन्थली नगरपालिकामा १३ जना, रामेछाप नगरपालिकामा २४ जना, लिखुतामाकोशी गाउँपालिकामा ७ जना, सुनापति गाउँपालिकामा २१ जना, दोरम्बा गाउँपालिकामा १५ जना, उमाकुण्ड गाउँपालिकामा ३ जना, गोकुलगंगा गाउँपालिकामा ४१ र खाँडादेवी गाउँपालिकामा ३८ जनाको परीक्षण गरिएको छ ।

स्थानीय सरकारहरूले काठमाडौंबाट गाउँ आएका सबै मानिसहरूलाई कम्तिमा १५ दिनसम्म बाह्य सम्पर्कमा नआई घरभित्र बस्न आग्रह गरेका छन् । फर्किएकाहरू अनुशासित रुपले बसे नबसेको हेरी उनीहरूलाई काउन्सिलिङ गर्नको लागि स्वयम्सेवकहरू राखी सामाजिक दुरी कायम गर्नको लागि कडाई गरिएको छ ।

यसैबीच जिल्ला प्रशासन कार्यालय रामेछापले वैशाख १२ गते एक सूचना प्रकाशित गरी जिल्लामा अत्यावश्यक सामग्रीहरूको नियमित आपूर्ति भई रहेको जनाउँदै खाद्य सामग्रीको अभाव देखाउँदै मुल्यवृद्धि गरि कालोबजारी गर्ने, जम्माखोरी वा लुकाउने र आपूर्तिमा अवरोध गर्ने जस्ता कृयाकलाप गरेको पाइएमा गुनासो सनुवाईको लागि संयन्त्र गठन गरेको जानाएको छ । जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत रामप्रसाद भट्टराईको संयोजकत्वमा बनेको चार सदसिय सो संयन्त्रमा, घरेलु तथा साना उद्योग विकास कार्यालयका प्रमुख मेघप्रसाद गौतम, रामेछाप उद्योग वाणिज्य सङ्घका अध्यक्ष केशवप्रसाद घिमिरे र उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष दिपक कार्की रहनु भएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार भरतपुर कोभिड प्रयोगशालाबाट ३ सय ३० पीसीआर र १ सय ८२ आरडीटी परीक्षण भएको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले बताउनु भएको छ । कोरोना विशेष अस्पतालबाट हालसम्म ६ सय ५१ जना बिरामीले लिए उपचार सेवा लिएको मध्ये जसमा दुईजना पोजिटिभ र बाँकी सबै नेगेटिभ परिणाम आएको छ ।

पोजिटिभ देखिएका दुई जनालाई यसअघि नै भरतपुर अस्पतालको क्याबिनमा विशेष व्यवस्थासहित उपचार भैरहेको छ भने परीक्षणको नतिजा नआईसक्दासम्मको लागि कोरोना विशेष अस्पतालमै आइसोलेशन वार्डको पनि व्यवस्थापन गरिएको छ ।

वैशाख १२ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ३० ओटा सवारी नियन्त्रणमा लिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनुभयो ।

भरतपुर अस्पतालमा वैशाख १२ गते १० ओटा नयाँ नमूना सङकलन गरिएको छ । त्यस्तै अस्पतालको आइसोलेशन क्याविनमा आमा र छोरा रहेकोमा पुनः परीक्षणमा छोरा २७ वर्षीयको भने रिर्पोट नेगेटिभ आएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनुभयो । चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपीलका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आआफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् । इच्छाकामना गाउँपालिकाले शहरी क्षेत्रमा घरघरमा पुगी ज्वरो जाँच्न थालेको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख १२ गते १३ जना शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ । जसमा दुई पुरुष र तीन महिला गरी पाँचजनाको स्वाब सङकलन गरी टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएको छ । त्यस्तै पाँच पुरुष र तीन महिला गरी आठ जनाको द्रूतगतिको र्‍यापीड टेष्ट (आरडिटी) बाट परीक्षण गरिएकोमा आठ जना कै नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४सय ८६ जनाको कोरोना परीक्षण गरेकोमा सात जनाको रिपोर्ट आउन बाँकी रहेको जानकारी दिदै उहाँले आइसोलोशनमा दुईजनाको उपचार भइरहेको जानकारी दिनुभयो ।

त्यसैगरी सूर्यविनायक नगरपालिकाले आफुनो सबै वडामा रहेका स्वास्थ्य चौकीहरूको अनुगमन गरेको छ । कोरोना भाइरस सङ्क्रमण फैलिन नदिन गरेको लकडाउनका बेलामा स्वास्थ्य चौकीहरूमा प्रभावकारी सेवा

नदिएको गुनासो आएपछि अनुगमन गरेको हो । अनुगमनकासाथै आवश्यक सुरक्षाका सामग्रीहरू समेत पूदान गरिएको नगरपालिकाका मेयर वासुदेव थापाले जानकारी दिनुभयो ।

त्यसैगरीकोभिड-१९ को सङ्क्रमण रोक्न सरकारले लगाएको लकडाउनको अवधिमा भक्तपुरको जगाती नाका भएर ५४ हजार नागरिकले उपत्यका छाडेर विभिन्न जिल्ला गएका छन् । विगत चारदिन यता मात्रै ४० हजारभन्दा बढी नागरिक आफ्नो घर जाने भन्दै विभिन्न जिल्ला फर्किएका छन् । लकडाउनको दोश्रो हप्तापछि पैदल जानेहरूदेखि आजसम्म बसमा जानेहरू सबैको नाम र ठेगानासहितको रेकर्ड नभएपनि यो नाका भएर पूर्वका जिल्लाहरू जानेको लर्कोभने उत्तिकै छ ।

महानगरीय प्रहरी परिषर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानका अनुसार जगाती नाका भएर ५४ हजारभन्दा बढी नागरिकले उपत्यका छाडेर विभिन्न जिल्ला गएका छन् । उहाँले भन्नुभयो-“जगाती नाका भएर लकडाउनको दोश्रो हप्तापछि हिडेरै जानेहरू धेरै भए, उनीहरूको समस्या भएको जानकारी आएपछि जगाती मै खाना खुवाउने र गाडीमा हालेर पठाउन सुरू भयो, स्थानीय सरकारको सहयोगमा यहाँका मजदुरदेखि विभिन्न जिल्लाका नागरिकहरू जिल्ला फर्केका छन् ।”

उहाँका अनुसार सबभन्दा धेरै दोलखा, रामेछाप, सिन्धुलीका नागरिक फर्किएका छन् भने त्यसबाहेक रोल्पा, रुकुम, जाजरकोट, सल्यान, दाङ्गलगायत अन्य जिल्लाका रहेका छन् । उपरीक्षक प्रधानका अनुसार मन्त्री, सांसददेखि सम्बन्धित जिल्लाका नेता एवं नगरपालिकाले आफ्ना ठाउँका नागरिकलाई उद्दार गर्ने भन्दै गाडी रिजर्भ गरेर लगेका छन् ।

सूर्यविनायक नगरपालिकाका-८ का अध्यक्ष किरण थापाले उहाँले भन्नुभयो-“हाम्रै पहलमा खाना खुवाउने, ज्वरो नाप्ने र उनीहरूको रेकर्ड राखेर गाडीमा पठाउने गर्दा जगातीबाटै गाडीमा हालेर ३४ हजार भन्दा बढीलाई पठाएका छौ, त्यसबाहेक काठमाडौं, ललितपुर, भक्तपुरबाट रिजर्भ गाडीमा हालेर नेता, सांसद र मेयरहरूले पठाएका समेत गर्दा ५४ हजारभन्दा बढी नागरिक जगाती नाका भएर जिल्ला फर्किका छन् ।

भक्तपुरका इँटाभट्टामा १७ हजारभन्दा बढी मजदुरलाई घर फर्काएको छ । अझै करिब दुई हजार ४ सय मजदुर इँटा भट्टामा अलपत्र छन् । इँटा भट्टामा घर जान बाँकी भएका मजदुरलाई पनि घर पठाउने तयारी भइरहेको बताउदै प्रहरी उपरीक्षक प्रधानले इँटा भट्टामा ३ हजार मजदुर रहेको बताउनु भयो । भारतीय मजदुरलाई भने अन्तर्राष्ट्रिय नाका नखुलेसम्म पठाउन नसकिने भएकाले उनीहरूको खाने र बस्ने व्यबस्थापन इँटा भट्टा सञ्चालकहरूले नै गर्नुपर्ने भएको छ ।

त्यस्तै मध्यपुरथिमि नगरपालिका मेयर मदनसुन्दर श्रेष्ठले पैदल यात्रीको लागि खानको व्यवस्था गर्न ५० बोरा चामल प्रदान गर्नुभएको छ । त्यस्तै हिडेर घरजान बाध्य मजदुरलाई राष्ट्रिय खेलाडी मन्डेकाजी श्रेष्ठसहितले मजदुरहरूलाई खाजाको प्याकेट र जुत्ता वितरण गनु भएको छ ।

नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा कोरोना भाइरसका बिरामीलाई उपचार गर्न चार ओटा भेण्टिलेटर सहित १६ शैयाको आईसोलेसन कक्ष विस्तार गरेको छ । मध्यपुरथिमि नगरपालिकाले ७ हजार ५ सय २८ परिवारलाई राहत वितरण गरेको र यसमा ७४ लाख ४८ हजार ४ सय ४९ खर्च भएको मेयर श्रेष्ठले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार काठमाडौंबाट फर्किएका मानिसहरूको त्रासमा जिल्लावासीहरू रहेका छन् । जिल्लामा रहेको क्वारेण्टाइनको क्षमता भन्दा बढि मानिसहरू आए के गर्ने भन्ने पनि छ । कतिपयले क्वारेण्टाइन बस्नु नपर्ने र काठमाडौबाट सोझै आ्आफ्नै घरघरमा पुग्छन् भनेर हल्ला नै चलेपछि जिल्लामा सङ्क्रमण फैलने त्रास बढेको हो ।

जिल्लाभर १ सय ८४ बेड क्वारेण्टाइन र ३५ बेडको आइसोलेशन रहेको छ । रसुवामा ०७६ फागुन १ गतेदेखि भारत र तेस्रो मुलुलबाट आएका मानिसहरूको अनिवार्य रुपमा र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) गर्न थालिएको छ । हालसम्म जिल्लाको रसुवा अस्पतालमा ९ जना, जिवजिवे ग्रामीण अस्पतालमा २४ जना, आमाछोदिङमो गाउँपालिकाको थाम्बुचेतमा १४ जना, नौकुण्ड गाउँपालिकाको पाञ्ज्याङमा १० जना गरी कुल ६० जनाको र्‍यापीड डाइग्रष्टिक टेष्ट गएिको छ ।

लामो समयदेखि औषधि सेवन गरिरहेका दिर्घरोगी, जेष्ठ नागरिक तथा असहायलाई केही स्थानीय तहले निशुल्क औषधि वितरण गरेर निकै प्रसशनिय काम गरेको स्थानीयको भनाई छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपक घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख १२ गते २ सय १७ जनालाई महानगरीय प्रहरी परिसरले कारबाही स्वरुप कोभिड-१९ को बारेमा २ घण्टे कक्षामा राखेर घर पठाएको छ ।
विदेशबाट आएर ललितपुर महानगरपालिकामा बसोबास गर्दै आएका र पहिले परीक्षण छुटेकाहरू मध्ये वैशाख १२ गते गोदावरी नगरपालिकाको बज्रबाराही चापागाउँ अस्पतालमा ६ जना, गोदावरी नगरपालिका-१ गोदामचौरमा रहेको मदरासामा नौ जना र नख्खु कारागारमा ५३ गरी ६८ जनाको र्‍यापीड टेष्ट विधिबाट परीक्षण गरिएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।
वैशाख १२ गते पाटन अस्पतालको आइसोलेशन वार्डमा तीन जनालाई भर्ना गरिइको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
कान्ति लोकपथबाट पैदल यात्राका क्रममा अलपत्र परेकाहरूलाई बागमती गाउँपालिका-३ भट्टेडाँडामा १३ जनालाई निःशुल्क भोजन गराएको पालिकाका प्रवक्ता विष्णुप्रसाद तिमल्सिनाले जानकारी दिनु भयो । ललितपुर महानगरपालिका वडा नं.१५ विपन्न वर्गलाई दैनिक निःशुल्क भोजनमा सहभागी हुन नाम दर्ताका लागि सूचना जारी गरेको वडा अध्यक्ष सुदर्शन मिश्रले जानकारी दिनु भयो ।
स्थानीय सरकारले कोभिड १९ को परीक्षणका लागि विदेशबाट आएर ललितपुरमा बसोबास गरिरहेकाहरूलाई सम्पर्कमा आउन आग्रह गरिंहेको छ । उनीहरूलाई प्रत्येक स्थानीय तहमा गएर परीक्षण गरिने जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नुवाकोट जिल्लामा वैशाख १२ गते सम्ममा स्थानीय तहले बनाएको क्वारेण्टाइनमा २३ जना रहेका छन् । होम क्वारेनटाइनमा ५ सय ३२ जना रहेका छन् ।
जिल्ला स्वास्थ्य कार्यालय तथा जिल्लाको स्थानीय तहहरूको सक्रियतामा स्वास्थ्य जाँच नियमति भइरहेको छ । वैशाख १२ गते जिल्लाभर २ सय ६१ जनामा ज्वरो परीक्षण गरिएको ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार सिन्धुलीमा ४ सय ७० जनाको आरडीटी जाँच गरिएको छ । हालसम्म ८८ जना महिला र ३ सय ८२ जना पुरुषको आरडीटी जाँच गरिएको हो । सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख जितेन्द्र कुमार शाहले बताउनु भयो । उहाँका अनुसार कमलामाई नगरपालिका-११ र १२ केहि व्यक्तिहरूको परीक्षण बाँकी रहेको छ ।
जिल्लामा बाहिर जिल्लाबाट आउनेहरूको सङ्ख्या अत्यधिक रहे पनि स्थानीय तहले उनीहरूको तथ्याङ्क राखेका छैन । विपद व्यवस्थापन समिति सिन्धुलीले उक्त विवरण माग गरेको भए पनि विवरण प्राप्त नभईसकेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी उपेन्द्र न्यौपानेले बताउनु भयो । कोरोना सङ्क्रमणले भयावह रुप लिन सक्ने र उनीहरूको विवरण अनुसार निगरानी बढाउन समेत सहज हुने भएकाले जिल्ला प्रशासन कार्यालय मार्फत विवरण माग गरिएको हो । स्थानीय सरकारले आफ्ना तहहरू नागरिकलाई जिल्ला भित्राएसँगै कोरोना सङ्क्रमण बढ्ने हो की भन्ने आशङ्का थपिएकाले प्रशासनले त्यसको निगरानीमा काम सुरू गरिसकेको न्यौपानेले बताउनु भयो ।
सिन्धुलीमा हालसम्म ४६ जना क्वारेण्टाइनमा बसेका छन । क्वारेन्टाईनमा बस्नेहरूमा १० जना महिला र ३६ जना पुरुष रहेको विपद व्यवस्थापन समितिले जनाएको छ । ती मध्ये तीन जना पुरुष क्वारेण्टाइनमा छन भने अन्यले स्वास्थ्य जाँच लगाएतमा मापदण्ड पुरा गरी घर फर्केका छन् ।
सिन्धुलीको एकद्धार सङ्कट व्यवस्थापन केन्द्रबाट ११ जना महिलाले मनोपरामर्श सेवा लिएका छन । उनीहरूले कोरोना आशङ्का तथा त्रासका कारण मनोपरामर्श सेवा लिन आएको एकद्धार सङ्कट व्यवस्थापन केन्द्रका घटना व्यवस्थापक सुनिता शर्माले बताउनु भयो । उहाँका अनुसार ज्वरो आएका, रुघाखोकी लागेका महिलाहरूले सेवा लिएका छन् । केन्द्रले लकडाउनको अवस्थामा समेत मनोपरामर्श सेवालाई निरन्तरता दिईरहेको छ ।

कमलामाई नगरपालिका अन्तर्गत रहेको सिद्धेश्वर स्वास्थ्य चौकीले बालबालिका तथा गर्भवति महिलाहरूका लागि लगाउने नियमित खोप ०७७ वैशाख १२ गतेबाट सुरू गरेको जनाएको छ । लकडाउनपछि रोकिएको खोप ०७७ वैशाख १२ गतेबाट सुरू गरिएको स्वास्थ्य चौकीका प्रमुख रविन्द्र श्रेष्ठले बताउनु भयो । उहाँका अनुसार ०७७ वैशाख १२ गते आठ जना गर्भवति र ३६ जना बालबालिकाले सेवा लिएका छन् ।
तराई क्षेत्रवाट आउने तरकारीहरूमा कोभिड १९ भाइरस सङ्क्रमण हुन सक्ने अवस्थालाई मध्यनजर गरेर कमलामाई नगरपालिका, जिल्ला प्रशासन कार्यलय लगायत सर्वदलीय सर्वपक्षीय सहमतिमा बाहिर जिल्लाबाट आउने तरकारी रोके पनि सिन्धुलीमा रातीको समयमा तरकारी भित्रिएको छ ।
जिल्ला बाहिरबाट आएको तरकारी बजारमा विक्री गरेको पाइएपछि कमलामाई नगरपालिकाका मेयर खड्ग खत्री, जिल्ला प्रशासन कार्यालय सिन्धुलीका प्रतिनिधि, प्रहरी लगायतको सहयोगमा तरकारी जफत गरिएको छ । जफत गरिएको काउली, बन्दा, खुर्सानी गरि करिब १ क्वीन्टल तरकारी नगर प्रहरीको सहयोगमा नगरपालिकाको डम्पिङ साईडमा लगी नष्ट गरिएको मेयर खत्रीले बताउनु भयो ।
कृषि उपज बजार (तरकारी बजार) बाट उक्त तरकारी जफत गरिएको हो । राती रामेछाप, ओखलढुङ्गा, दोलखालगायतका जिल्लामा लाने भन्दै १० ओटा ट्रकमा तरकारी विपी राजमार्ग हुदै आएको र केहि तरकारी तरकारी बजारमा बेचेको सूचनाका आधारमा प्रहरी सहितको टोलीले बजारमा छापा मारेको थियो ।
जिल्ला प्रशासन कार्यालय सिन्धुलीले जिल्ला बाहिरबाट आएको तरकारी विक्री वितरण नगर्न व्यवसायीलाई सचेत गराएको जनाएको छ । दुधौली नगरपालिकाका सिन्धुलीले वैशाख १२ गते ९ सय ६० जनालाई राहत दिएको छ । विपन्न, मजदुरहरूलाई नगरपालिकाले राहत वितरण गरेको हो । तराईबाट तरकारी ल्याई विक्री गरेको भन्दै जिल्ला प्रहरी कार्यालय सिन्धुलीले कृषि उपज तथा तरकारी बजारका २ व्यवसायीलाई पक्राउ गरेको छ । पक्राउ पर्ने व्यवसायीमा विनोद चौधरी र गौरी शंकर चौधरी रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका इन्पेक्टर मदन गिरीले बताए । उनका अनुसार दुवैजनालाई जिल्ला प्रशासन कार्यालयबाट ७ दिनको म्याद थप गरि थप अनुसन्धान भईरहेको छ । उनीहरुलाई संक्रामक रोग सम्बन्धि ऐन २०२० अनुसारको कसुरमा म्याद थप गरिएको हो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार काभ्रेको मण्डनदेउपुर नगरपालिकामा काठमाडौंबाट फर्किएका ८० जनाको स्वास्थ्य परीक्षण गरी घर पठाइएको छ । यस्तै रोशी गाउँपालिकाले वैशाख १२ गते काठमाडौंको कोटेश्वरबाट आफ्ना नागरिकलाई गाउँ लैजाने कार्य थालेको छ। १३ ओटा बस मार्फत नागरिक गाउँ लैजान लागेको गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी बर्तोला जानकारी दिनुभयो । रोशी गाउँपालिकाले गाउँ जाने सबै यात्रुको स्वास्थ्य परीक्षण गर्ने बताएको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल** का अनुसार नेपालमा कोभिड १९ बाट सङ्क्रमित भएको आशङ्कामा देशभर ४७ हजार ५४ सय ९६ जनाको स्वास्थ्य परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले नियमित प्रेस ब्रिफिङमा देशभर पीसिआर विधिबाट ९ हजार ४ सय ७ र आरडिटी विधिबाट ३८ हजार ८९ जनाको परीक्षण गरिएको जानकारी दिनुभयो । पछिल्लो २४ घण्टाभित्र देशभर ३ हजार ७ सय ९१ जनाको स्वास्थ्य परीक्षण गरिएका समेत बताउनु भयो । मन्त्रालयका अनुसार आरडीटी विधिबाट प्रदेश १ मा ३ हजार ९ सय ९२, प्रदेश २ मा ४ हजार ९ सय ७७, बागमती प्रदेशमा ७ हजार १ सय ४३, गण्डकी प्रदेशमा ४ हजार ७ सय ८३, प्रदेश ५ मा २ हजार ८ सय ७४, कर्णाली प्रदेशमा ४ हजार ८ सय ७४ र सुदुरपश्चिम प्रदेशमा ९ हजार ५ सय १३ जनाको स्वास्थ्य परीक्षण भएको छ ।
उहाँले हालसम्म देशभरी १२ हजार ९ सय ८५ जना क्वारेण्टाइन र ८९ जना आइसोलेशनमा रहेको बताउनु भयो । हालसम्म नेपालमा कोभिड १९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ४९ रहेको र १० जना डिस्चार्ज भैसकेको मन्त्रालयको भनाई छ ।
कोरोना रोकथाम तथा नियन्त्रणका लागि ट्रेसिङ तथा ट्र्याकिङको काम थप व्यवस्थित गर्न भन्दै विभिन्न स्थानीय निकायमा सहजीकरणका लागि टोली गठन गरिएको छ ।

यस्तै ट्रेसिङ तथा ट्र्याकिङ बालियो बनाउन स्थानीय तहलाई परिचालन गर्न टोली गठन भएको जनाएको छ । जनस्वास्थ्य अधिकृत, ल्याब प्रयोगशालाका व्यक्ति, प्यारामेडिक्स वा नर्स गरी तीन सदस्यीय टोली बनाइएको छ । हरेक गाउँपालिकामा एउटा समूह, नगरपालिकामा दुई ओटा, उपमहानगरपालिकामा तीन ओटा र महानगरपालिकामा पाँच ओटाको दरले उक्त टिम ट्रेसिङ तथा ट्र्याकिङका लागि परिचालन हुने मन्त्रालयले जनाएको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मकवानपुरमा हालसम्म ४ सय ८० जनाको आरडीटी विधिबाट कोरोना जाँच गरिएको छ ।

जिल्लाको १० ओटै स्थानीय तहमा गरी ४ सय ८० जनाको आरडीटी गरिएको छ । तीमध्ये चार जनाको पोजेटिभ देखिपछि यकिन गर्नका लागि काठमाडौं पठाइएको थियो । त्यस्तै पिसिआरबाट भने सबैको रिपोर्ट नेगेटिभ आएको मन्त्रालयले जनाएको छ । मकवानपुरको हेटौंडामा सबैभन्दा धेरै आरडीटी गरिएको छ । शङ्काष्पद र विदेशबाट फर्किएकाहरूलाई लक्ष्य गरी आरडीटी गरिएको बताइएको छ ।  हेटौंडाको ल्याबमा मात्र ३ सय ३८ को पीसीआर परीक्षण हेटौंडा उपमहानगरपालिका १० स्थित कीटजन्य रोग अनुसन्धान तालिम केन्द्रमा सञ्चालन गरिएको कोरोना भाइरस परीक्षण ल्याबमा हालसम्म ३ सय ३८ जनाको स्वाब परीक्षण सकिएको छ ।

लकडाउनको समयमा सर्वसाधारणको हिँडडुल बढेपछि मकवानपुर प्रहरीले मान्छे समाउन म्यान क्याच स्टिक ल्याएको छ । वैशाख ११ गतेबाट मकवानपुर प्रहरीले मान्छे समाउने यो प्रविधि प्रयोगमा ल्याएको हो । नजिकबाट मानिसलाई समाउँदा प्रहरीमा पनि कोरोना सङ्क्रमणको जोखिम हुने भएकाले 'म्यान क्याच स्टिक' प्रयोगमा ल्याइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरी निरीक्षक सुजन पाठकका अनुसार सर्वसाधारणलाई अनावश्यक रुपमा बाहिर ननिस्कन माइकिङ समेत गरिएको छ ।

लकडाउनका कारण काठमाडौंमा अलपत्र परेका मकवानपुरका १ हजार सर्वसाधारण हेटौंडा आइपुगेका छन् । मकवानपुर जिल्लाबाट निर्वाचित प्रतिनिधि सभाका सांसदहरू कृष्णप्रसाद दाहाल तथा विरोध खतिवडाको पहलमा वैशाख १२ गते बिहान मात्र १ हजार जना सर्वसाधारण मकवानपुर ल्याइएका हुन् । एकै दिन २० ओटा बसमार्फत काठमाडौंका विभिन्न स्थानबाट हेटौंडा ल्याइएको सांसद कृष्णप्रसाद दाहालले बताउनुभयो ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**